# श्री सैनिक आवासीय महाविद्यालय
# सल्लाघारी, भक्तपुरको
# राशन आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र वा विद्युतीय बोलपत्र (E-bidding)आव्हानको सूचना नं.०१

**(प्रथम पटक प्रकाशित मिति २०७३/०६/२० गते)**

श्री सैनिक आवासीय महाविद्यालय भक्तपुर, पोखरा, धरान, सुर्खेत, धनगढी, चितवन तथा आशाकिरण छात्राबास बिजयश्वरीमा अध्ययन गर्ने बिद्यार्थीहरुको लागि २०७३ साल माघ १ गतेदेखि २०७४ साल पौष मसान्तसम्म विदाको दिन कट्टा गरी दश महिनाको निमित्त राशन र खाजाको लागि आवश्यक पर्ने विभिन्न खाद्य सामग्रीहरु बोलपत्रको माध्यमद्धारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले राशन ठेक्का लिन चाहने इच्छुक इजाजत प्राप्त रजिष्टर्ड कम्पनी, फर्म, संस्था वा व्यक्तिले निम्नलिखित कागजाद संलग्न गरी शिलबन्दी बोलपत्र वा विद्युतीय बोलपत्र (E-Bidding) पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो ३० दिने सूचना प्रकाशित गरिएको छ ।

१. **ठेक्का बन्दोबस्त गराउनु पर्ने महाबिद्यालयहरु र स्थान** श्री सैनिक आवासीय महाबिद्यालय सल्लाघारी(आशाकिरण छात्राबास विजयश्वरी समेत)को लागि श्री सैनिक आवासीय महाबिद्यालय सल्लाघारी भक्तपुरमा र श्री सैनिक आवासीय महाबिद्यालय पोखरा, धरान, धनगढी, चितवन र सुर्खेतको लागि सम्बन्धित महाबिद्यालयहरुमा ।

२. आपूर्ति गनुपर्ने विद्यार्थी राशन सामाग्रीको परिमाण, प्रकार, किसिम गुणस्तर र स्केल, बोलपत्र सम्बन्धित दस्तुर, पालना गर्नुपर्ने शर्तहरु, स्वीकृत आपूर्तिकतासंग खरिद सम्झौता भएपछि उपलव्ध हुने अग्रिम पेश्कि, मासिक भुक्तानी गर्दा कट्टा एवं थप गरिने कर तथा धरौटी रकम सम्बन्धि विवरणहरु श्री सैनिक आवासीय महाविद्यालय सल्लाघारी भक्तपुर, धरान, पोखरा, सुर्खेत, धनगढी र चितवनद्धारा तयार गरेको बोलपत्र सम्बन्धि कागजातमा स्पष्ट रुपमा उल्लेख गरिएको छ ।

३. बोलपत्र खरिदकर्ताले लिखित निवेदन पेश गरी तोकिएको दस्तुर तिरी बोलपत्र खरिद गर्न सकिनेछ । E-Bidder हरुले आफूले Bid गर्न चाहेको महाविद्यालयहरुवाट बोलपत्र सम्बन्धि कागजातमा उल्लेख गरेको खाता नम्बरमा तोकिएको दस्तुर दाखिला गरेको भौचर Upload गर्नु पर्नेछ ।

४. बोलपत्रदाताहरुले अनिवार्यरुपमा पालना गर्नुपर्ने शर्त, संलग्न गर्नुपर्ने प्रमाण पत्र एवं कागजातहरुको सम्बन्धमा यस सूचना र यसै सूचनासंग सम्बन्धित बोलपत्र सम्बन्धि कागजातमा उल्लेख गरिएको सम्पूर्ण कुराहरुमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (तेश्रो संशोधन २०६८ सहित) अनुसार हुनेछ ।

५. यस सूचनालाई नेपाली सेनाका Website www.nepalarmy.mil.np, महाबिद्यालयको Website: www.bsamv.edu.np तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको Web site: www.ppmo.gov.np मा समेत राखिएको छ ।

६. एउटै ठेक्कामा एकै बोलपत्रदाताले शिलवन्दी बोलपत्र वा विद्युतीय बोलपत्र (E-bidding) प्रणालीमध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्नेछ । एउटै ठेक्कामा दुवै प्रणाली प्रयोग गरी बोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वत: रद्द हुनेछ ।

७. वोलपत्र सम्वन्धी अन्य कुनै जानकारी आवश्यक भएका यस महाविद्यालयको लेखाशाखाको फोन नं.०१६६१२७६३ मा सम्पर्क गरी जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।